प्रतिदिन १६औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : २५९ ॥ २०८१ कार्तिक २४ गते शनिबार (9th Nov 2024 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

# अब अधुवा खोलामा स्थायी रुपमा छठ पूजा गरिने



झापा,कात्तिक २३ । विगत ६ दशक बढीको इतिहास बोकेको बिर्तामोड- ३ बिर्ताबजार स्थित अधुवा खोलामा अब स्थायी रुपमा छठ पूजा गरिने भएको छ ।

२०७१ सालदेखि स्थगित भएर नेपाल मधेसी समाज सेवा समितिले गत वर्षदेखि छठ पूजा शुरुवात गरेको अधुवा खोलामा कोशी प्रदेश सरकारले छठ पूजाका लागि तटबन्धसहित पूजास्थल निर्माण गरिदिने भएको हो । कोशी प्रदेशका खानेपानी, सिंचाई तथा ऊर्जामन्त्री एकराज कार्कीको पहलमा बिर्ताबजारस्थित अधुवा खोलामा तटबन्ध र स्ल्यावसहित पूजास्थल निर्माण गरिने भएको हो । जसको लागि चालु आर्थिक वर्षमा ३० लाख रुपैयाँ बजेट विनियोजन भएको छ ।

विगतमा प्रदूषणमुक्त रहेको ऐतिहासिक अधुवा खोलालाई दुर्गन्धित बनाउँदै लगेकोमा चिन्ता व्यक्त गर्दै मन्त्री कार्कीले अब अधुवा खोलाको सौन्दर्यकरणमा स्थानीय सरकार लाग्नुपर्नेमा जोड दिए । गत वर्ष अधुवा कोरिडोरका लागि बजेट छुट्टिएर काम शुरु भएकोमा जग्गा विवादका कारण काम रोकिएको बताउँदै मन्त्री कार्कीले त्यसलाई पुरा गरिनुपर्ने आबश्यकता औंल्याए ।

नेपाल मधेसी समाज सेवा समितिद्वारा बिहीवार साँझ आयोजित छठ पूजा समारोह तथा सांस्कृतिक कार्यक्रमलाई उद्घाटन गर्दै मन्त्री कार्कीले अर्को वर्ष पक्की बनेपछि ब्रतालुहरुले बालुवा थुपारेर पूजास्थल निर्माण गर्न नपर्ने बताए ।

नेपाल मधेसी समाज सेवा समितिले अधुवा खोलामा गत वर्षदेखि छठ पूजा शुरु गरेको हो । यस वर्ष भव्य रुपमा छठ पूजा आयोजना गरिएको थियो । पचास हजारभन्दा बढी बत्तीको झिलिमिली पूजाको मुख्य आकर्षण रहेको थियो । जसका कारण यस वर्ष अरु ठाउँभन्दा बिर्ताबजारको छठ पूजाको चर्चा चलेको थियो । पूजामा ब्रतालु र दर्शक गरी हजारौको सहभागिता रहेको आयोजकले जनाएको छ ।

गत वर्षभन्दा यस वर्ष धेरैको सहभागिता रहेको बताउँदै आयोजक संस्थाका अध्यक्ष रामेश्वर मण्डलले आगामी वर्ष अझ उत्कृष्ट गर्ने जानकारी दिए । उनले विगत ६ दशकदेखिको पुरानो ऐतिहासिक ठाउँलाई पुनर्स्थापित गर्न आफूहरु लागिपरेको बताए । अधुवा खोलालाई छोडेर बिरिङ गएकाहरुलाई फर्काउने आफूहरुको योजना रहेको उनको भनाई छ ।

खानेपानी, सिंचाई तथा ऊर्जामन्त्री कार्कीको प्रमुख आतिथ्य एवं आयोजक संस्थाका अध्यक्ष मण्डलको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड नगरपालिकाका नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला , नेपाली कांग्रेस बिर्तामोडका नगर सभापति भोजराज सिटौला , नेकपा एमालेका नगर कमिटी अध्यक्ष सुवास भट्टराई , राष्ट्रिय प्रजातन्त्र पार्टीका नगर अध्यक्ष रन्जु प्याकुरेल, बिर्तामोड ३ का वडाध्यक्ष मदन बुढाथोकी , ६ का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वा , नेपाल मुस्लिम संगठनका केन्द्रीय सचिव अफ्रोज खानलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रम संयोजक संजय शर्माले औचित्यमाथि प्रकाश पारेको कार्यक्रमको संचालन सन्तोष दास र शिला शाहले गरेका थिए । कार्यक्रममा अनुराधा राजवंशी ,रोशन अधिकारीलगायत राष्ट्रिय तथा स्थानीय कलाकारले सांगीतिक प्रस्तुती प्रस्तुत गरेका थिए ।

## सताक्षीधाम मन्दिरका अध्यक्षसहित १८ जना जुवाडे पक्राउ

झापा(प्रस) ।जुवाजन्य तास खेलिरहेको अवस्थामा झापाको शिवसताक्षीबाट नगदसहित १८ जना जुवाडे पक्राउ परेका छन् ।

वडा नम्बर ११ ब्यांगडाँडास्थित



चन्द्रमणि रिमालको घरको तल्लो तलामा तास खेलिरहेका १८ जनालाई नगदसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरीका अनुसार ४ लाख ५४ हजार ५०० रुपैयाँ र एक बुङ तास बरामद भएको छ ।
पक्राउ पर्नेमा सताक्षीधाम मन्दिरका अध्यक्ष तुलाराम बोखिम भनिने तुला सुब्बा, घरधनी चन्द्रमणि रिमाल, शिवसताक्षी नगरपालिका वडा नम्बर ५ का मुकेश राउत, वडा नम्बर ११ का राजेन्द्र बास्कोटा, वडा नम्बर ४ का सेवराज राजवंशी छन् ।यस्तै वडा नम्बर ७ का छत्रबहादुर सोडारी, वडा नम्बर ६ का लोकनाथ दुलाल, वडा नम्बर ४ का रुपनारायण शाह, वडा नम्बर ७ का मणि खड्का, सोही वडाका राजु दर्जी पक्राउ परेका छन् ।
यस्तै वडा नम्बर ७ बस्ने सीताराम कार्की, खडीबहादुर श्रेष्ठ, वडा नम्बर ११ का राजेन्द्र कुँवर, वडा नम्बर ४ का मनोज शाह, वडा नम्बर ९ का मोहनप्रसाद दुलाल र गौरीगञ्ज गाउँपालिका वडा नम्बर १ का हरि राजवंशी पक्राउ परेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए। यसैगरी वडा नम्बर ११ का दिपेन्द्र घिमिरे र निरज दुलाल पनि प्रहरी नियन्त्रणमा छन् ।पक्राउ परेका सबैलाई इलाका प्रहरी कार्यालय दमकमा राखिएको छ ।
शुक्रबार बिहान साढे १ बजे उनीहरूलाई गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय दमकले पक्राउ गरेको हो। दमक प्रहरीले पक्राउ गरेपछि थप बल इलाका प्रहरी कार्यालय झिलझिलेबाट बोलाइएको प्रहरी स्रोतले बताएको छ। रिमालको घरमा तासको खाल राखी हार मारको लागि नगद बाजी राखी तास खेलिरहेको पक्राउ गरिएको डीएसपी चन्दले जानकारी दिए ।नजिकको प्रहरीलाई जानकारी नै नदिई दमक प्रहरीले तास खेलिरहेका १८ जनाको समूहलाई पक्राउ गर्नु रहस्य भएको हुन सक्ने आशंका गरिएको छ ।

## झापाको दुई ठाउँमा आगलागी



झापा(प्रस) । बिहीवार राति झापाको दुई ठाउँमा आगलागी हुँदा दुईवटा घर जलेर नष्ट भएका छन् । झापा गाउँपालिका र बिर्तामोड नगरपालिकामा आगलागी भएको हो । शुक्रवार विहान रातको १:३० बजे झापा गाउँपालिका ३ सिमलवाडी लालमोहरस्थित वसिया हेमरमको भान्सा कोठामा रहेको चुलोबाट आगलागी भएको हो । जस्ता पाताले बारेको ,जस्ता पाताको छानो भएको सखुवा र सिमेन्टको खम्वा भएको घर र भान्सा घर पूर्ण रुपमा जलेर नष्ट भएको छ ।
घरमा रहेको नगद १० हजार , कुखुरा १० वटा ,जस्ता पाता, धान ८ मन ,चामल ३ बोरा , लत्ताकपडा, भाडाकुडा समेत गरी ९० हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।
त्यस्तै बिर्तामोड- ८ प्याकुरेल चौकमा भएको आगलागीबाट करिव १० लाखको क्षति भएको छ ।
राति ८.३० बजे बिर्तामोड- ८ प्याकुरेल चोक बस्ने शिवलाल गौतमको घरसँगै रहेको सिमेन्टको गारो, टिनको छानो भएको भान्सा कोठामा अचानक आगलागी भएको थियो । आगलागीबाट भान्सा पूर्ण रुपमा जलेर नष्ट हुँदा त्यसभित्र रहेका २ वटा ग्यास सिलिण्डर पड्किएको थियो । आगलागीबाट एउटा ग्यास चुलो, अन्य भाडाबर्तन,अन्नपात, एउटा स्कुटर र घरको दक्षिण साइडको बरण्डाको भाग समेत जलेर क्षति भएको प्रहरीले जनाएको छ ।
आगो निभाउने क्रममा छिमेकी मोहन तिमल्सिना घाइते भएका थिए । उनलाई स्थानीय मेडिकलमा सामान्य उपचारपश्चात् डिस्चार्ज गरिएको छ। स्थानीय र बिर्तामोड नगरपालिकाको दमकलको सहयोगमा राति ९ बजे आगो पूर्ण रुपमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । यसैबीच बिर्तामोड- ८ प्याकुरेल चौकमा भएको आगलागीका पीडित परिवारलाई बिर्तामोड नगरपालिका ८ नं वडा कार्यालयले राहत वितरण गरेको छ । शुक्रवार बिहान पीडतकै घरमा पुगेर वडाध्यक्ष अजय कार्की , वडा सदस्यहरु अग्निप्रसाद सिटौला , इन्दिरा पाण्डे , सोयालाल राजवंशी , लक्ष्मी नेपालीलगायतले ग्यास चुल्हो , खाद्यान्न , भाडावर्तनलगायत गरी २१ हजार ४०० रुपैयाँ बराबरको राहत वितरण गरेका हुन् । अग्नीपीडित शिवलाल गौतमको परिवारलाई वडाका जनप्रतिनिधिहरुले राहत सामग्री हस्तान्तरण गरेका थिए ।

## छठमा दुर्घटनाः एकजनाको मृत्यु, चार घाइते

झापा(प्रस)। छठ पूजामा जाँदै गर्दा बिहीवार राति गौरीगञ्ज गाउँपालिका वडा नम्बर ३ ठेकिटोलास्थित हुलाकी सडकखण्डमा मोटरसाइकल दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ भने अर्का घाइते भएका छन् ।




राति ९.२० बजे गौरीगञ्ज बजारबाट कोरोबारीतर्फ जाँदै गरेको मे ८ प ८८९५ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइलक चालक गौरीगञ्ज गाउँपालिका वडा नं. ४ बस्ने अन्दाजी ३० वर्षीय रोशन मगरको मृत्यु भएको हो ।

त्यस्तै मोटरसाइकलमा पछाडी सवार गौरीगञ्ज गाउँपालिका वडा नं.२ बस्ने अन्दाजी ३२ वर्षीय श्याम राजवंशी घाइते भएका छन् ।
दुवैजनालाई उपचारको लागि लाईफ लाईन अस्पताल दमक पठाइएकोमा उपचारको क्रममा मोटरसाइकल चालक मगरको राति १०:३० बजे मृत्यु भएको प्रहरीले जनाएको छ । मोटरसाइकललाई नियन्त्रणमा लिई घटना सम्बन्धमा अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।
त्यसतै बिहीवार साँझ छठ पूजाका लागि बिरिङ खोलाको घाटतर्फ जाँदै गर्दा मोटरसाइकलले ठक्कर दिँदा तीनजना घाइते भएका छन् ।

साँझ ४.१० बजे बाह्रदशी गाउँपालिका वडा नं.२ लिम्बू गाउँनजिक बिरिङ पुलपूर्व हुलाकी राजमार्गमा पश्चिमतर्फ पैदल जाँदै गरेकी कचनकवल गाउँपालिका वडा नं ६ बनियानी बस्ने ३० वर्षीया पुजा राजवंशीलाई सोही दिशाबाट आउँदै गरेको प्र.१-०१-०१३ प ८३५६ नं.को मोटरसाइकलले ठक्कर दिएको थियो । दुवै खुट्टा र कम्मरमा चोट लागेर राजवंशी सख्त घाइते भएकी छन् । दुर्घटनामा मोटरसाइकल चालक बाह्रदशी -२ बुट्टाबारी निवासी २४ वर्षीय अविर आलम र सोही मोटरसाइकलमा अगाडि सवार आलमका छोरा ३ वर्षीय रियाज आलमसमेत सख्त घाइते भएका छन् । घाइते तीनैजनालाई उपचारका लागि बिर्तामोडस्थित बिर्तासिटी अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

## झापा आउँदै गरेको ट्रक दुर्घटना
### लिफ्ट मागेका पौडेलको मृत्यु, दुई घाइते



झापा(प्रस) । ताप्लेजुङबाट झापा आउँदै गरेको ट्रक मेची राजमार्गको फिदिम ताप्लेजुङ सडकखण्डअन्तर्गत पाँचथरको भारपामा दुर्घटना हुँदा एकजनाको ज्यान गएको छ ।
शुक्रवार दिउँसो ३:४५ बजे मेची राजमार्गमा हिलिहाङ-६ ढकाल गाउँनजिक ना ४ ख ७१२३ नम्बरको ट्रक दुर्घटना हुँदा हिलिहाङ-३ साम्रेका ५७ वर्षीय भवानीशंकर पौडेलको घटनास्थलमै ज्यान गएको हो । उनी सो ट्रकमा गोपेटारबाट लिफ्ट मागेर फिदिम आउँदै गरेका थिए । दुर्घटनामा परी ट्रकका चालक इलाम सूर्योदय नगरपालिका-१२ निवासी ५२ वर्षीय तेजबहादुर दास र ट्रक मालिक झापा बिर्तामोड- १ चारपानेका ४० वर्षीय राजकुमार बस्नेत घाइते भएका छन् । उनीहरुको शरीरका विभिन्न अंगमा चोट लागेको छ ।
अवस्था जटिल रहेकाले उनीहरुलाई पाँचथर अस्पतालबाट बिर्तामोडस्थित बीएण्डसी अस्पतालका लागि रेफर गरिएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।ट्रक हिलिहाङ-१ सिंहापुरदेखि झापाका लागि गोलिया बोकेर आउँदै गरेको जिल्ला प्रहरी कार्यालय पाँचथरका सूचना अधिकारी बेनिलाल साहले बताए ।ट्रक ब्रेक फेल भई सडकबाट करिब ५० मिटर तल खसेर दुर्घटना भएको बताइएको छ ।

## जलवायु परिवर्तनको असर विदेशी पर्यटक चरामा

झापा(प्रस) ।हिउँद सुरु भएसँगै जाडो छल्न पर्यटक चरा नेपाल आउने गर्छन् । चैत अन्तिमसम्म जाडो छल्न नेपालमा रहने विदेशी पर्यटक चरामा पछिल्लो समय जलवायु परिवर्तनको प्रभाव देखिन थालेको छ ।
जलवायु परिवर्तन प्रभावका कारण आवास परिवर्तन, खाद्य चक्रको परिवर्तन, प्रवासनको समय परिवर्तन, रोग र परजीवीहरूको वृद्धिलगायत समस्याले आगन्तुक चरामा असर पुगेको देखिन्छ । उपयुक्त वातवारण अभावमा आगन्तुक पर्यटक चराको संख्यामा कमी देखिन थालेको कोशी टप्पु लर्निङ ग्राउण्ड्समा कार्यरत प्राकृतिक पदप्रदर्शक चरा जानकार अनिश तिम्सिना बताउँछन् । “जलवायुको असरसँगै सरकारी निकायबाट चरा तथा वन्यजन्तुको उचित बासस्थान साथै आहाराको व्यवस्थापन आवश्यक छ”, तिम्सिना भन्छन् । सिमसारलगायत चराको उपयुक्त बासस्थानमा विभिन्न किसिमका मिचाहा वनस्पतिलाई

❖ बाँकी अन्तिम पृष्ठमा

## आख्यानकार बुढाथोकीको ‘याङरुप’ उपन्यास विमोचन

बिर्तामोड(प्रस) । क्यान्सर रोगबाट पीडित आख्यानकार ज्ञानु बुढाथोकीको प्रथम कृति ‘याङरुप’ उपन्यासको झापाको बिर्तामोडमा विमोचन भएको छ ।

लेखक बुढाथोकीको चार बर्षको प्रयासपछि प्रकाशन गरिएको उक्त कृतिको शुक्रवार बिर्तामोडमा एक समारोहका बिच विमोचन गरिएको हो । झापाली साहित्य समाज र सप्तक संगीत विद्यालय झापाको संयुक्त आयोजनामा भएको कार्यक्रममा प्रमुख अतिथि साहित्यकार कृष्ण धरावासीलगायतले ‘याङरुप’ उपन्यासको विमोचन गरेका हुन् । विमोचन समारोहमा प्रा.डा. टंक न्यौपाने, प्रा.डा. बद्रीबिशाल पोखरेल, मधु केरुङ, चन्द्र भण्डारी, तारा विविध, डा. बालचन्द्र सुब्बाको आतिथ्य रहेको थियो । डा. कुमार सुवेदीले स्वागत र रिता पोखरेलले लेखकको परिचय दिएको कार्यक्रमको सञ्चालन पुरुषोत्तम ढुङ्गेलले गरेको साहित्यकार तथा अग्रज पत्रकार केशव आचार्यले जानकारी दिए । कार्यक्रममा सप्तक संगीत विद्यालयका विद्यार्थीहरुले बिभिन्न सांगीतिक प्रस्तुती प्रस्तुत गरेका थिए ।

# कारागारबाट सुरुङ खनेर भागेका कैदी ९ वर्षपछि पक्राउ

झापा(प्रस) । सुनसरीको क्षेत्रीय कारागार झुम्काबाट सुरुङ खनेर फरार भएका कर्तब्य ज्यान मुद्दाका एक कैदीलाई प्रहरीले पक्राउ गरेको छ । इनरुवा नगरपालिका-१० वलाहाका चन्द्रशेखर भनिने विनायककुमार यादवलाई प्रहरीले पक्राउ गरेको हो । दुई पटकसम्म जेलबाट सुरुङ खनेर भाग्न सफल भएका यादव भारतमा लुकीछिपी बस्दै आएका थिए । चाडपर्वका बेला गाउँ आउने जाने गरिरहेका उनलाई प्रहरीले छठ पर्वमा घर आएको मौका छोपेर पक्राउ गरी शुक्रबार विहान सार्वजनिक गरेको हो ।

झुम्का कारागारमा सुरुङ खनेर भागेका यादव दोस्रो पटक सिन्धुपाल्चोक कारागारबाट पनि सुरुङ खनेर भागेका थिए । त्यसयता ९ वर्षपछि फेरि प्रहरीले पक्राउ गरेर उनलाई फेरि कारागार पुर्‍याएको छ । यादवलाई बिहीबार साँझ छठ पर्व मनाउँदै गरेको अवस्थामा सुनसरीको कोशी गाउँपालिका-८ स्थित पत्थर चट्टान भन्ने ठाउँबाट पक्राउ गरिएको सुनसरीका प्रहरी नायब उपरीक्षक (डीएसपी) रामप्रसाद तिमल्सिनाले जानकारी दिए ।

बिहीबार साँझ छठमा रमाइरहेका यादव प्रहरीलाई देखेपछि भाग्न खोजेका थिए । त्यसक्रममा प्रहरीले उनलाई नियन्त्रणमा लिन गोली चलाएको थियो । प्रहरीले गोली चलाएपनि यादवलाई भने लागेन । गोली चलेपछि आत्तिएका यादव लडेका थिए ।

उनलाई बाँकी सजाय भुक्तानका लागि शुक्रबार नै कारागार चलान गरिएको डीएसपी तिमल्सिनाले बताए ।

प्रहरीका अनुसार यादव र उनका साथी श्याम भनिने श्यामकुमार यादवले मिलेर २०६५ साल बैशाख १६ गते सुनसरीको साविक प्रकाशपुर- ६ का ३९ वर्षीय केशव कार्कीको गोली हानी हत्या गरेका थिए । त्यसबेला प्रहरीले उनीहरूको साथबाट एक थान पेस्तोल र ११ राउण्ड गोलीसहित पक्राउ गरेको थियो ।

कार्की हत्या आरोपमा दोषी ठहर भएका यादवलाई जिल्ला अदालतले २० वर्ष ८ महिना १४ दिन कैदको फैसला सुनाएको थियो । यादव झुम्का कारागार चलान भएका थिए । तर यादवसहित १२ जना कैदीहरू भएर २०६९ कात्तिक २३ गते राति सुरुङ खनेर झुम्का कारागारबाट फरार भएका थिए ।

# मन्टेश्वरी शिक्षकका लागि क्षमता अभिबृद्धि तालिम

झापा(प्रस) ।मन्टेश्वरीका शिक्षकहरुका लागि दुई दिने क्षमता अभिबृद्धि तालिम सुरु भएको छ । बिर्तामोड स्थित लिङ्कन मन्टेश्वरी स्कुलको आयोजनामा शुक्रवारबाट दुई दिने तालिम सुरु भएको हो । मन्टेश्वरी शिक्षिक-शिक्षिकाहरुको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले तालिम आयोजना गरिएको लिङ्कन मन्टेश्वरीका सञ्चालक सरोज पौडेलले जानकारी दिए ।

उनका अनुसार तालिममा बिर्तामोडसहित कन्काईका गरी पाँच वटा विद्यालयका शिक्षिकाहरुको सहभागिता रहेको छ ।

तालिमको शुक्रवार एक कार्यक्रमका बीच प्रमुख अतिथि न्यूटन्स एजुकेशन फाउण्डेशनका प्रिन्सिपल तथा हिसान झापाका सचिव देबेन्द्र हुमागाँईले उद्घाटन गरेका छन् ।

तालिममा बिर्तामोडको लिङ्कन मन्टेश्वरी, ब्राइट फ्युचर, शिक्षा शिकोप, निदी र कनकाई नगरको फक्तालुङ विद्यालयका मन्टेश्वरी शिक्षिकाहरुको सहभागिता रहेको छ । उक्त तालिममा शिक्षिकाहरुलाई जनक पराजुली र मिश्रा अधिकारीले प्रशिक्षण प्रदान गर्नेछन् । मन्टेश्वरी शिक्षण पद्धति तथा बालविकास क्रियाकलापसम्बन्धी जानकारी गराइने प्रशिक्षक पराजुलीले जानकारी दिए ।

लिङ्कन मन्टेश्वरी विद्यालय व्यवस्थापन समितिका अबध्यक्ष दिनेश ओझाको अध्यक्षतामा भएको तालिमको उद्घाटन कार्यक्रममा मनकामना स्कुलका प्रिन्सिपल केशव ढुङ्गाना, निदी विद्यालयका प्रिन्सिपल भिष्म प्रसाईलगायतको आतिथ्य रहेको थियो । बिर्तामोड-३ का वडा सदस्य हरि बास्कोटाले मन्तव्यबाट स्वागत गरेको कार्यक्रमको सञ्चालन लिङ्कन मन्टेश्वरीका सञ्चालक सरोज पौडेलले गरेका थिए ।

# तास खेल्दै गरेका ६ जना पक्राउ

झापा(प्रस) । ओखलढुंगाको सिद्धिचरण-११ रमाइलो डाँडामा तास खेल्दै गर्दा ६ जना पक्राउ परेका छन् । बिहीवार राति १२.३० बजेको समयमा रमाईलो डाँडास्थित फ्रेण्डसीप वर्कसपको संचालक सुत्ने माथिल्लो तलाको कोठामा तास खेलिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालय ओखलढुंगाबाट गएको गस्ती टोलीले छापा मारेको थियो ।

प्रहरीले तासको खालबाट तास-१ सेट, नगद २२ हजार रुपैयाँ बरामद गरेको छ । तास खेल्दै गर्दा फ्रेण्डसीप वर्कसपका संचालक सुनकोशी -९ बस्ने अन्दाजी २८ वर्षीय लेखबहादुर सुनुवार,सिद्धिचिरण -७ बस्ने अन्दाजी २४ वर्षीय ताराबहादुर कार्की , वडा नं ५ बस्ने अन्दाजी २४ वर्षीय डिखुरी शेर्पा , वडा नं .७ बस्ने अन्दाजी २८ वर्षीय तेन्जी शेर्पा , सोही ठाउँका अन्दाजी २४ वर्षीय पासाङ शेर्पा र अन्दाजी २२ वर्षीय जाङबु शेर्पा पक्राउ परेको प्रहरीले जनाएको छ ।

# गेरबाबा एफसीलाई उपाधि



कुमरखोद(प्रस) । स्थानीय जोरमाई युवा क्लवको आयोजनामा झापा गाउँपालिकामा संचालित १९ औं खुल्ला नकआउट फुटबल प्रतियोगिताको उपाधि गेरबाबा एफसी अर्जुनधाराले जितेको छ ।

बिहीवार भएको फाइनल खेलमा आयोजक जोरमाई युवा क्लवलाई ४-० गोलको अन्तरले हराउँदै गेरबाबाले उपाधि जितेको हो । खेल शुरु भएको पहिलो हाफको १० औं मिनेटमा गेरबाबा एफसीका जर्सी नं १० का संजय धिमालले पहिलो गोल गरेका थिए । त्यसैगरी गेरबाबा एफसीका जर्सी नं. १९ का बुद्ध चौधरीले दोस्रो हाफको ९ औ मिनेटमा अर्को गोल गरी टीमलाई अग्रता दिएका थिए । यसैगरी दोस्रो हाफको २८ र ३० औं मिनेटमा जर्सी नं १० का संजय धिमालले थप दुई गोल गरी टीमलाई शानदार जित दिलाएका हुन् ।

फाइनल खेलको म्यान अफ द म्याच र सर्वाधिक गोलकर्ताको रुपमा गेरबाबा एफसीका संजय धिमाल घोषित भए । उनले खेल अवधिभरि ४ गोल गरेका थिए । विजेता टिमले ६५ हजार नगद ट्रफी , मेडल र प्रमाणपत्र पाएको छ भने उपविजेताले ३५ हजार नगद , ट्रफी ,मेडल र प्रमाणपत्रमा चित्त बुझाएको छ ।

प्रतियोगितामा ए र वी समुह गरी आयोजकसहित ८ वटा टीमले भाग लिएका थिए । झापा गाउँपालिका कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलिया, वडा नं. २ अध्यक्ष हिमालकुमार चम्लागाईले विजेता र उपविजेता टीमलाई पुरस्कार प्रदान गरेका थिए । प्रतियोगितामा सर्वाधिक गोलकर्ता गेरबाबाका धिमाल, उत्कृष्ट गोलरक्षक गेरबाबाका संजय लिम्बू, उत्कृष्ट डिफेन्डर गेरबाबाकै मिलन मेचेलाई जनही तीन हजार नगद , मेडल, प्रमाणपत्र र उत्कृष्ट खेलाडी आयोजकका मनोज राईलाई नगद पाँच हजार , मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो । हेमकुमार राजवंशीको अध्यक्षतामा सम्पन्न समापन कार्यक्रममा झापा गाउँपालिकाका कावा अध्यक्ष थपलिया, नेपाली कांग्रेसका क्षेत्रीय सभापति जयनारायण शाह, वडा नं १ का वडा अध्यक्ष राजकुमार यादव , वडा नं २ का अध्यक्ष हिमालकुमार चम्लागाई , वडा नं ३ का अध्यक्ष सुभाषलाल गणेश , वडा नं ५ का अध्यक्ष कृष्णप्रसाद राजवंशी , वडा नं ७ का अध्यक्ष सखिचन्द्र ठाकुर , जग्गादाता रणवहादुर इङ्नाम , रत्नबहादुर खत्रीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन भुवन पुडासैनीले गरेका थिए । प्रतियोगिता कात्तिक १४ गतेदेखि शुरु भएको थियो ।

# लेखापढी साकोसको १४ औं साधारण सभा सम्पन्न

भद्रपुर(प्रस) । लेखापढी बचत तथा ऋण सहकारी संस्था लिमिटेड भद्रपुर ८ को १४ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

सहकारीका अध्यक्ष दलबहादुर थापाको अध्यक्षता र नेपाल बचत तथा ऋण सहकारी संघका महासचिव घनश्याम अधिकारीको प्रमुख आतिथ्यमा सभा सम्पन्न भएको हो ।

सभामा उत्कृष्ट बचतकर्ता अलिम अख्तर तथा टिकाराम अधिकारी तथा उत्कृष्ट ऋण कारोवार गरेवापत गणेश ढकाल र भुवन भण्डारीलाई सम्मान गरिएको थियो भने ज्येष्ठ सदस्य टिकाप्रसाद कोइरालालाई सम्मान गरिएको थियो ।

वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष थापाले १४ जना महिला सदस्यसहित २७५ शेयर सदस्य र एक करोड एक लाख ६९ हजार शेयर पूँजी रहेको विवरण प्रस्तुत गरेका थिए ।

प्रमुख अतिथि अधिकारीले कुनै पनि दलको आवरणमा सहकारी ठग्नेहरू संरक्षित हुन नहुने भन्दै कानुनी दायरा बढाएर सहकारीको रकम अपचलन गर्नेहरूलाई नियन्त्रण गर्न राज्य लाग्नु पर्ने बताए ।

सचिव हेमराज खतिवडाले सञ्चालन गरेको कार्यक्रममा सहकारीका संस्थापक अध्यक्ष युवराज कार्की पर्वत, नेपाल लेखापढी कानून व्यवसायी एशोसिएसन भद्रपुर इकाइका पूर्व अध्यक्ष रमेश पोखरेल, लोकनाथ भट्टराई, राष्ट्रसेवक सहकारीका अध्यक्ष वशिष्ठ अधिकारीलगायतले मन्तव्य राख्दै सहकारीलाई सहकार्यको आधार बनाउनु पर्नेमा जोड दिएका थिए ।

## जलवायु ...

व्यवस्थित गरी रैथाने प्रजातिका वनस्पतिको संरक्षणमा सबै लाग्नुपर्ने चरा जानकार तिम्सिना बताउँछन् । खेतबारीमा लगाइएको अन्नबालीमा बढ्दो विषादीको प्रयोगले चरालाई सङ्कट बढ्दै गएको हुँदा सबै सरोकारवाला निकायको त्यसतर्फ ध्यान जान जरुरी रहेको तिम्सिनाको भनाइ छ ।

कोशीटप्पु वन्यजन्तु आरक्ष चराको राजधानीजस्तै मान्ने गरिन्छ । देशभरि पाइने आठ सय ९५ चरामध्ये हाल यहाँ पाँच सय ३५ चरा फेला परिसकेका छन् । कोशी बर्ड सोसाइटीको अगुवाइमा भएको जलपक्षी गणना सन् २०२३ मा कोशीटप्पु वन्यजन्तु आरक्षमा ५८ प्रजातिका १३ हजार छ सय ६८ को संख्यामा चरा आएको तथ्याङ्क छ । “नेपालमा पाइने सबै प्रजातिका चरा पनि वर्षभरि नै नेपालमा रहन्छन् भन्ने हुँदैनन्”, बर्ड वाचिङ क्याम्प कोशी टप्पुका सञ्चालक कुरमान मन्सुरीले भने, “नेपालमा हिउँदमा आउने हिउँदे आगन्तुक र वसन्त ऋतुको आगमनसँगै आउने आगन्तुक पाहुना चराको बसाइँसराइ वर्षभरि नै निरन्तर चलिरहन्छ ।”

कोशी टप्पुमा बर्सेनि नयाँनयाँ प्रजातिका चरा आउने क्रम थपिए पनि विगत वर्षमाझैँ झुण्डझुण्डमा आउने चराको संख्यामा भने कमी आएको मन्सुरी बताउँछन् । उनका अनुसार कोशीटप्पुकै आसपासको बर्जुताल र मोरङको बेतना सिमसारमा भने अझै पनि पाहुना चरा झुण्डमै आउने गरेको पाइएको छ ।


मोरङको बेलबारी नगरपालिकास्थित वेतना सिमसार वन उपभोक्ता समितिका अध्यक्ष शम्भु भट्टराईको अनुसार कोशी टप्पुमा आउने प्रायःजसो पाहुना चरा यहाँ पनि आइपुग्छन् । नेपालका विभिन्न भागबाट साथै दक्षिण भारत र साइबेरियासम्मका चरा वेतनामा मज्जाले हेर्न पाइन्छ । विशेषगरी मङ्सिरदेखि चैतसम्म विदेशी चरा यहाँ बस्ने गर्छन् । पछिल्लो समय जलवायु परिवर्तन प्रभावका कारणको कारण हुनसक्छ विगतका वर्षहरूमा जस्तो चराको झुण्ड कम देखिन्छ ।

बेलबारीका जीव विज्ञान जानकार डिल्ली कोइरालाले भने, “उत्तरी ध्रुवमा हिमपात सुरू भएसँगै हिउँदयामको बढ्दो जाडो छल्न नेपालका तल्लो हिमाली भेग, पहाड र तराईका विभिन्न भूभाग तथा तालतलैया र नदी आसपासमा हजारौँ पर्यटक चरा बसाइँ सरी नेपालका विभिन्न सिमसार, खोलानालामा आउने गर्दछन् ।” उनका अनुसार जलवायु परिवर्तनका कारण चराले प्रवासनको समय परिवर्तन गर्न सक्छ, जसले तिनीहरूको प्रजनन र अवतरणमा असर पार्न सक्ने साथै चरा बस्ने स्थानको तापमान र वर्षापातको ढाँचा परिवर्तन गर्न सक्छ र तिनीहरुको जन्म स्थानमा असर पार्न सक्छ ।

बर्सेनि करिब एक सय ५० प्रजातिका चरा रुस, किर्जिस्तान, तुर्किस्तान, उज्वेकिस्तान, अजरवैजान, चीन, मङ्गोलियाका साथै युरोप, कोरिया तथा तिब्बती क्षेत्रबाट नेपालमा आउने गरेको तथ्याङ्क छ । करिब ५० प्रजातिका बटुवा चरा नेपालको बाटो हुँदै दक्षिणी मुलुक भारत, पाकिस्तान र श्रीलङ्कातर्फ जाने गर्छन् । जाडो छल्न आउने हिउँदे आगन्तुक चरा नेपालका प्रमुख सिमसार क्षेत्र कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बिसहजारी ताल, जगदीशपुर ताल, घोडाघोडी ताल, शुक्लाफाँटा वन्यजन्तु आरक्ष तथा कोशी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीमा नै प्रायः रहने गर्छन् । जाडोयाममा नेपालमा बसाइँ सरेर आउने चराको अधिकांश हिस्सा हाँस प्रजातिले ओगट्छन् । अन्य प्रजातिमा सिकारी तथा मांसाहारी चरा, चाँचर, साना फिस्टा, अर्जुनक, इयाप्सी, भद्राइ आदि पर्दछन् । दक्षिणी मुलुक र अफ्रिकाबाट हजारौँ ग्रीष्मकालीन आगन्तुक चरा बच्चा कोरल्न नेपाल आउने गर्छन् । यी चरा असोजसम्ममा आफ्ना बच्चा हुर्काएर पुरानै बासस्थानमा फर्कन्छन् । यसरी आउने करिब ६० प्रजातिका चराको अधिकांश हिस्सा कोइली प्रजातिको हुन्छ । नेपालमा पाइने १९ प्रजातिका कोइलीमध्ये १५ प्रजातिले त आफ्नो गुँड नै बनाउँदैनन् र आफ्नो अण्डा अरु चराको गुँडमा पार्दिन्छन् । उक्त चराले आफ्नै सन्तान ठानेर कोइलीको बच्चालाई हुर्काउँछ ।

नेपाल आउने अन्यमा मुरलीचरी, गाजले सुनचरी, स्वर्गचरी, चित्रक पिट्टा, कटुस टाउके आदि रहन्छन् । ग्रीष्मकालीन आगन्तुक चराको मुख्य बासस्थान भने वन र यस आसपासका घाँसेमैदान तथा कृषि भूमि हुन् ।

# गायकीलाई निखार्दै कलाकार अनुराधा राजवंशी



झापा(प्रस) । उदीयमान कलाकार अनुराधा राजवंशीले स्टेजमा आफ्नो पर्फमेन्स देखाएको पाँच वर्ष भयो । उनले आफ्नो कलालाई निखार्दै लगेकी छन् । नेपाल मधेसी समाज सेवा समितिले बिहीवार साँझ बिर्तामोड-३ बिर्ताबजारमा आयोजना गरेको छठ पूजा समारोह तथा सांस्कृतिक कार्यक्रममा उनको प्रस्तुतीलाई धेरै दर्शकले रुचाएका थिए ।

उनी लाइभ स्टेज शोमा खासगरी भजन र गजल गाउने गर्छिन् । आफूहरुले विराटनगरबाट मगाएको कलाकार अनुराधाको प्रस्तुती राम्रो रहेको नेपाल मधेसी समाज सेवा समितिका अध्यक्ष रामेश्वर मण्डलले बताए । मोरङ जहदा- ३ की २२ वर्षीया अनुराधालाई स्टेज भजन , पार्टी प्रोग्रामका लागि आयोजकहरुले बढी बोलाउँछन् । भारतको फार्विसगञ्जदेखि लिएर नेपालको सिरहा, सप्तरीसम्म गएर आफूले प्रस्तुती देखाएको उनले बताइन् । आफ्नै एल्बम निकाल्ने सोच बनाएकी उनले केही एल्बममा गीत गाएकी छन् । 'भोजपुरी र मैथिली भाषाको एल्बममा मैले गाएकी छु , अरु एल्बमहरुमा पनि अफरहरु आइरहेका छन्' उनले भनिन्,'आफ्नै एल्बम निकाल्ने सोच राखेकी छु ।' उनी महेन्द्र मोरङ क्याम्पस विराटनगरमा बीबीएस पहिलो वर्षमा अध्ययनरत छिन् । परिवार र समुदायको सहयोग पाइरहेको बताउने अनुराधा कलाकारिता र अध्ययनलाई संगसंगै अगाडि बढाउने आफ्नो योजना रहेको सुनाउँछिन् ।


## मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले,

- शरीरका विभिन्न अंगमा क्षति पुर्‍याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउछ । I

त्यसैले मधुमेहबाट बच्न,

- शरीरको तौल सन्तुलित राखौ.
- चिल्लो तथा चिनीजन्य (ग्लुकोज) परिकार कम खाऔं,
- पेय पदार्थ, जंक फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौ,' नियमित व्यायाम गरौ.
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔ,
- प्रशोधित खानाहरु नखाऔं,
- तनाब व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परिक्षण गरौ ।

नेपाल सरकार विज्ञापन बोर्ड

## HONDA दशैं तिहार अफर





नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# मानव तस्कर मन्त्रीमाथि कार्वाही गर

मुख्यमन्त्रीलाई समेत जानकारी नदिई सुटुक्क जापान गएका कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री लिलाबल्लभ अधिकारीले राजीनामा दिए । नैतिकतालाई ख्याल गरी राजीनामा दिए होलान् भनेर उनको इमान्दारिता संभिएका थिए । तर, उनले त्यसै राजीनामा दिएका होइनन् भन्ने कुरा खुल्दै गएको छ । कोशी प्रदेशका सरकारी प्रक्रिया छल्दै र कूटनीति मर्यादा नाघ्दै कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री अधिकारीले गरेको असफल जापान भ्रमणले नेपाल राष्ट्रकै स्वाभिमानमा दाग लगाएको हो ।

गरिमामय र जिम्मेवार मन्त्री नै मानव तस्करीको माध्यम बनेका आधारमा मित्रराष्ट्र जापानले उनलाई धन्न पक्रेर उतै राखिदिएन, फर्काइदियो । तर हाम्रो सान र मान घटेको छ । असम्बन्धित कार्यक्रममा 'को न को'ले बोलाएको बहाना बनाएर मन्त्री विदेश भ्रमणमा जानु र असम्बन्धित व्यक्तिको ताँती लैजानु आफैंमा लज्जास्पद कार्य हो । कात्तिक १३ गते सुटुक्क जापान उडेका अधिकारी जापानको अध्यागमनमा ४८ घण्टा रोकिएर १७ कात्तिकमा फर्किंदा नेपालको अध्यागमनले समेत कागजात गराएर छाड्यो । उनीसँग गएर फर्किएकामध्ये कञ्चन देवकोटा, जनक राई र दावा शेर्पा प्रहरी नियन्त्रणमा परिसकेका छन् । मन्त्री अधिकारीले नैतिकताको आधारमा राजीनामा त गरे तर उनीमाथिसमेत कानुनी कारबाही आवश्यक छ ।

प्रदेशका मन्त्री र मुख्यमन्त्रीको विदेश भ्रमण संघीय मन्त्रिपरिषद्ले स्वीकृत गर्नुपर्छ । संघीय व्यवस्था भएका सबै मुलुकमा त्यस्तै व्यवस्था हुन्छ । नेपालमा हुनु नौलो होइन । तर मन्त्री अधिकारीको भ्रमण संघीय मन्त्रिपरिषद्बाट स्वीकृत थिएन । मुख्यमन्त्री हिक्मत कार्कीलाई पनि उड्नु अघिल्लो रातमात्रै जानकारी गराएका थिए । व्यक्तिगत भ्रमण भनेर उडेका मन्त्रीसँग असम्बन्धित व्यक्तिहरूलाई लगेर जापान छोड्ने नियत रहेको जापान अध्यागमनले मेसो पाउनु स्वाभाविक थियो । टोकियो आर्ट काउन्सिलको 'कल्चर एट होम' कार्यक्रमको निम्तो पनि सन्देहास्पद बन्यो । नेपालका मन्त्री, सांसद र नेताहरू पटकपटक यस्ता विवादमा पर्ने गरेका छन् । अत्यधिक विदेश मोहकै कारण कतिपय अवस्थामा अञ्जानमा वा कतिपय अवस्थामा बदनियतकै कारण पनि उनीहरू फस्छन् । तर मन्त्रीले सामान्य कूटनीतिक मर्यादा ख्याल गरेकै हुनुपर्छ । निम्तो भनेर जसको पायो त्यस्कै निम्तोमा स्वदेशमै त जानु हुन्न भने विदेशबाट आएकालाई गम्भीरतापूर्वक लिनै पर्छ । आयोजक संस्थाको आधिकारिकता र सम्बन्धित देशमा उनको कानुनी हैसियत नजाँची गइहाल्नु हुन्न भन्ने सामान्य कूटनीतिक आचरण जान्नैपर्छ । त्यो कानुनी कुरा पनि हो । कानुनको अज्ञानता अक्षम्य हुन्छ भन्ने कानुन व्यवसायीसमेत रहेका कोशीका मन्त्री अधिकारीलाई अरुले सिकाइरहनुपर्ने ज्ञान थिएन । तसर्थ उनी जानाजान र बदनियतपूर्वक नै मानव तस्करीकै लागि जापान उडेको भन्न सकिन्छ । नैतिकताको आधारमा राजीनामा दिंदैमा मन्त्री अधिकारीलाई उन्मुक्ति हुनु हुँदैन, जसरी उनीसँगै गएर फर्काइएपछि केही व्यक्ति जसरी सरकारी कागज किर्तेसम्बन्धी कसुरमा पक्राउ परी अनुसन्धानका लागि थुनिएका छन्, अधिकारीलाई पनि कानुनी कठघरामा उभ्याइनुपर्छ ।




# दिगो विकासको उद्देश्य



• सुरेन्द्र पाण्डेय

सूचना प्रविधिको क्षेत्रमा भइरहेको द्रुततर विकासले संसारभरका नागरिकले क्षणभरमै विभिन्न घटनाबारे जानकारी पाइरहेका छन् । सूचना प्रविधि विकास प्रक्रियाका विभिन्न आयामलाई उजागर गर्ने माध्यम बनेको छ । तथ्यमा आधारित सूचनाले विकास प्रक्रियामा सकारात्मक प्रभाव पारि उत्प्रेरकको काम गर्छ भने मिथ्या सूचनाले विकासका लक्ष्य हासिल गर्न बाधकको काम गरिरहेको हुन्छ । आमनागरिकमा सूचनाको पहुँचले व्यक्ति, परिवार, समुदाय र मुलुकलाई विकासको मार्गतर्फ अग्रसर गराउँछ । विश्वमा भएका विकास, प्रगति र विकासका लक्ष्यकाबारे आमनागरिकलाई सुसूचित गराउने दायित्व सूचना प्रविधिकै समुचित प्रयोगबाट सम्भव भएको छ ।

नेपालमा सबैले धान्न सक्ने गरी इन्टरनेटको पहुँच, साइबर सुरक्षाका लागि संरचनागत सुधार, सूचना प्रवाहमा सूचना प्रविधिको अधिकतम उपयोग हुन सक्ने वातावरणको टड्कारो आवश्यकता छ । संविधानले सूचनाको हकको प्रत्याभूत गरेको र डिजिटल नेपालको अवधारणाले महत्व पाउनु, शिक्षाको पाठ्यक्रमलाई प्रविधिमैत्री बनाउने पहल हुनु सकारात्मक पक्ष हो ।

सूचना प्रविधिको उपलब्धताले संयुक्त राष्ट्रसङ्घले विकासका लागि अपनाएका बहुआयामिक कार्यक्रम र लक्ष्यबारे सदस्य मुलुकका नीतिनिर्माता र नागरिकलाई जागरुक बनाउन सहयोग पुर्‍याएको छ । विकासका पूर्वनिर्धारित लक्ष्य प्राप्तिका लागि भएका कामको मूल्याङ्कन विभिन्न सूचकाङ्कका आधारमा मापन गरिन्छ । विकासको मापनमा अपनाइएका त्यस्ता सूचकाङ्क के कस्ता छन् भन्ने बुझ्न पनि भरपर्दो सूचना अत्यावश्यक हुन्छ ।

राष्ट्रसङ्घका अल्पकालीन र दीर्घकालीन विकासका लक्ष्यमध्ये कुन कुन सदस्य राष्ट्रले के कति काम सम्पादन गरिरहेका छन् भन्ने पुनरावलोकन बेलाबखत हुने गर्छ । त्यस किसिमका पुनरवलोकन सूचना प्रविधिमा आधारित हुने गरेका छन् । राष्ट्रसंघ मातहतका निकायले गरेका कामकाबारे नागरिक सुसूचित भएमा विकास प्रक्रिया सहज ढङ्गले अगाडि बढ्छ र नागरिकको अपनत्व रहन्छ । विकासको परिभाषा, दायरा र आधार सधैँ एकनासका हुँदैनन् । विकासको परिभाषा र आधार समयानुकूल परिर्वतन भएका छन् । कुनै बखत गाँस, बास कपास उपलब्धिलाई विकासको मापनका रूपमा लिइन्थ्यो । राष्ट्रसंघले अल्पकाकालीन विकासका लक्ष्य तय गर्दै आएको थियो । ती लक्ष्य कार्यान्वयनको अवस्था एकाङ्की भएको सदस्य मुलुकले नै आत्मसात् गरिसकेको अवस्थामा राष्ट्रसंघले सन् २०३० भित्र हासिल गरिसक्ने गरी दिगो विकास लक्ष्य तय गरेको छ ।

सन् २०१६ मा तय गरिएको दिगो विकास लक्ष्यमा जलवायु परिवर्तन, जैविक विविधता र पर्यावरण संरक्षण दिगो र समावेशी आर्थिक वृद्धि, भोकमरी अन्त्यका लागि खाद्य सुरक्षा, गरिबीको अन्त्य, शिक्षा, स्वास्थ्य खानेपानी र सरसफाइ, औद्योगिकीकरणका लागि पूर्वाधारलगायत समाविष्ट छन् । विकास कार्यमा जनसहभागिता जुटाउन विकासको परिभाषा र मापनका आधार सुस्पष्ट हुनु जरुरी छ ।

दिगो विकास लक्ष्यका बारे स्थानीय तहसम्म नीति, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न र जनस्तरसम्म यसको महत्व बुझाउन सूचना प्रविधिको उपयोग गर्नैपर्ने हुन्छ । सूचना प्रविधिमा दिनानुदिन भएको प्रगति र त्यसमा युवा वर्गले देखाएको चासो आफैंमा सिर्जनात्मक छ । तथ्यपरक अनुसन्धान र सूचनाको प्रवाहले विकासमा हरेक पक्षमा मद्दत पुग्ने निश्चित छ ।

दिगो विकास लक्ष्यमा सुधार ल्याउन सूचना प्रविधिमार्फत विकासका लक्ष्य हासिल गर्न युवाले नेतृत्वदायी भूमिका निर्वाह प्रेरित गर्ने छ । आर्थिक वृद्धिमा प्रतिस्पर्धा, गरिबी उन्मूलनमा सचेतना, समन्यायिक व्यवस्था, समावेशी र समुन्नत समाज निर्माण गर्न युवा वर्गको जागरुकता तथा खबरदारी आवश्यक छ ।

उत्तर-दक्षिण, दक्षिण-दक्षिण र त्रिकोणात्मक क्षेत्रीय, अन्तर्राष्ट्रिय सहयोग तथा विज्ञान प्रविधि र नवीन खोज अनुसन्धानमा पहुँच अभिवृद्धि गर्ने राष्ट्रसङ्घको उद्देश्य हो । यसका साथै विश्वव्यापी तहमा प्रविधिको सुविधा संयन्त्रमार्फत परस्पर ४७ सहमत सर्त छन् । ज्ञान साझेदारीको वृद्धि गर्ने १७.७. उपयुक्त सर्तका आधारमा विकासोन्मुख देशलाई आपसी समझदारी र सहुलियत सर्तसहित वातावरणीय रूपमा उपयुक्त प्रविधिको विकास, हस्तान्तरण, प्रवाह र प्रसार प्रवर्धन गर्ने कार्यक्रम छ । अति कम विकसित देशका लागि प्रविधि बैङ्क तथा विज्ञान र नवीन खोजसम्बन्धी क्षमता निर्माण गर्ने संयन्त्र पूर्णतया सञ्चालन गर्ने भनिएको छ ।

दिगो विकास लक्ष्यलाई उत्तर-दक्षिण, दक्षिण-दक्षिण र त्रिकोणात्मक सहयोगमार्फत कार्यान्वयन गर्न विकासोन्मुख देशमा प्रभावकारी र लक्षित क्षमता अभिवृद्धि लागु गरी अन्तर्राष्ट्रिय सहयोगमा वृद्धि गर्न कार्यक्रम आफैंमा सकारात्मक छ । विकासका सूचकाङ्क हेर्दा नेपालमा दैनिक १.२५ अमेरिकी डलरभन्दा कम आम्दानी हुने हरूको जनसंख्या २३.७ प्रतिशत छ । सन् २०३० त्यसलाई पाँच प्रतिशतभन्दा कममा झार्ने र प्रति व्यक्ति आय २५०० अमेरिकी डलर पुर्‍याउने लक्ष्य राखिएको छ । कुपोषणको दर ३६.१ प्रतिशत रहेकोमा त्यसलाई झारेर तीन प्रतिशत पुर्‍याउने र कम तौल भएका बालबालिकाको दर २७ प्रतिशतबाट पाँच प्रतिशतमा झार्ने लक्ष्य छ । मातृ मृत्युदर प्रति एक लाख २५८ रहेकोमा ६९ मा झार्ने लक्ष्य राखिएको छ ।

विभिन्न स्रोतबाट वार्षिक उत्पादन हुने कार्बनडाइअक्साइडलाई ०.१० मेट्रिक टन प्रति व्यक्ति रहेकोमा त्यसलाई ०.०५ मा झार्ने । १७५ वटा जलवायु स्मार्ट गाउँ बनाउने । सबै विद्यालयमा जलवायु परिवर्तनबारे शिक्षा दिने । सामुदायिक वनले ढाकेको क्षेत्र ३९ प्रतिशतबाट ४२ प्रतिशत पुर्‍याउने लक्ष्य छ । यसै गरी कुल जमिनमा आरक्षण क्षेत्रले आगेटेको क्षेत्र २३ प्रतिशत रहेकोमा त्यसलाई २३.३ प्रतिशत पुर्‍याउने । वन नाशको दर १.९० रहेकोमा त्यसलाई शून्यमा झार्ने । सशस्त्र तथा हिंसात्मक घटनाबाट मृत्यु हुनेको सङ्ख्या १६२८ रहेकोमा त्यसलाई ० मा झार्ने । बाल विवाहको दर ४८.८ प्रतिशत रहेकोमा त्यसलाई शून्यमा झार्ने । सार्वजनिक तहमा पारदर्शिता, जवाफदेहिता तथा भ्रष्टाचार सूचकाङ्क तीन रहेकोमा त्यसलाई पाँच पुर्‍याउने सोच आफैंमा राम्रो हो । सार्वजनिक प्रशासनको गुणस्तर सूचकाङ्क ३.१० रहेकोमा त्यसलाई पाँच पुर्‍याउने, जन्म दर्ता दर ५८.१ बट १०० प्रतिशत पुर्‍याउने, कुल गार्हस्थ उत्पादनमा सरकारी राजस्वको अंश १९.१ प्रतिशत रहेकोमा त्यसलाई ३० प्रतिशत पुर्‍याउने भनिएको छ । कुल राष्ट्रिय बजेटमा वैदेशिक सहायताको अंश १५ प्रतिशत रहेकोमा त्यसलाई १८ प्रतिशत पुर्‍याउने, कुल गार्हस्थ उत्पादनमा वैदेशिक लगानीको अंश २.७ प्रतिशत रहेकोमा त्यसलाई २० प्रतिशतसम्म पुर्‍याउने लक्ष्य रहेको छ ।

सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्न आइपर्ने चुनौती पूरा गर्न र विश्वभर विकासमा देखिएका समस्या र कमजोरी औँल्याउँदै समाधान गर्न अन्तर्राष्ट्रिय निकायको ध्यानकर्षण गराउन र विकास कार्यमा जनसहभागिता बढाउनु अत्यावश्यक हुन्छ ।

सस्टेनेबल डेभलमेन्ट नेटवर्क नामक एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले हालै प्रकाशित गरेको प्रतिवेदनमा नेपालले दिगो विकासमा गरेको प्रगति विश्वका १६३ मुलुकमध्ये नेपाल ९८ औँ स्थान रहेको उल्लेख गरेको छ । यस्तै राष्ट्रसंघीय औद्योगिक विकास सङ्गठन युनिडोले प्रकाशित गरेको दिगो औद्योगिक विकास सूचकाङ्कमा नेपाल १२४ औँ स्थानमा छ । यो सूचकाङ्कले दक्षिण एसियामा नै सबैभन्दा तल्लो हो ।

विकासका सूचकाङ्कमा देखिएका गुणात्मक सुधारसँगै विकासका लक्ष्य हासिल गर्न परेका समस्या औँल्याउँदै समस्या समाधानका लागि अपनाउनुपर्ने उपायकाबारे संघ, प्रदेश र स्थानीय सरकार र नागरिक तहलाई सचेत गराउन सूचना प्रविधिको समुचित प्रयोग वाञ्छनीय छ ।

विकासका लागि सूचना प्रविधिको महत्वलाई आत्मसात गर्दै संयुक्त राष्ट्रसङ्घले सन् १९७२ मे १७ मा राष्ट्रसंघीय सम्मेलनमा व्यापार तथा विकासका क्षेत्रमा देखा परेका समस्या समाधानका लागि तथ्यगत र सही सूचनामा सबैको पहुँच हुनुपर्ने प्रस्ताव अगाडि सारेको थियो । सो प्रस्ताव सन् १९७२ डिसेम्बर १९ संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेको थियो । त्यसयता, हरेक वर्ष अक्टुबर २४ मा विश्व विकास सूचना दिवस मनाइँदै आइएको छ ।

# न्यायिक संग्रहालयको महत्व



• शंकरप्रसाद भेटवाल

नेपाली बृहत् शब्दकोष अनुसार संग्रहालय भन्नाले प्राचीन महत्वका दुर्लभ र अनौठा वस्तु बटुलेर राखिने ठाउँ वा घर भनेर परिभाषित गरिएको छ । संग्रहालयले समाजको इतिहास, कला र संस्कृतिको प्रतिनिधित्व गर्ने वस्तुको संरक्षण गर्ने कार्य गर्छ । संग्रहालयले महत्वपूर्ण ऐतिहासिक घटना कलात्मक आन्दोलन र सांस्कतिक अभ्यासलाई बिर्सन नदिनका लागि वस्तु सङ्कलन, संरक्षण र प्रदर्शन गर्छ । यस संरक्षणले भविष्यका पुस्तालाई इतिहास संस्कृतिको विकास बुझ्न ठुलो सहयोग पुर्‍याउँछ । मानवताको आपसी सम्बन्धलाई उजागर गरेर संग्रहालयले ऐतिहासिक, सांस्कृतिक भिन्नतासँगै ल्याउन र संवादको प्रवर्धन गर्न मद्दत गर्छ । अनुमान अनुसार हाल विश्वमा ५५,००० भन्दा बढी संग्रहालय छन्, जसमा पेरिसको लुब्र संग्रहालयलाई सबैभन्दा ठुलो संग्रहालय मानिएको छ । संग्रहालयले अनुसन्धानका लागि महत्वपूर्ण स्रोतको रूपमा कार्य गर्छन् । अनुसन्धानकर्ता र विद्वान्हरूले ऐतिहासिक र सांस्कृतिक विषयमा अध्ययन गर्न संग्रहालयका वस्तुमा निर्भर गर्छन् । संसारमा चार किसिमका संग्रहालय रहेको पाइन्छ । ती हुन् कला संग्रहालय, इतिहास संग्रहालय, विज्ञान संग्रहालय र सांस्कृतिक संग्रहालय ।

**नेपालमा न्यायिक संग्रहालय**

नेपालमा विभिन्न खालका साना ठुला संग्रहालय विभिन्न ठाउँमा रहेको बुझिएको छ । नेपालमा अहिलेसम्म चर्चित संग्रहालय छाउनीमा रहेको छ, जसले देशी र विदेशीलाई समेत आकर्षण गरेको छ । न्यायिक संग्रहालय भने विसं २०७८ भदौ १ गते सर्वोच्च अदालतमा स्थापना गरिएको संग्रहालय नै पहिलो हो, जसको समुद्घाटन तत्कालीन प्रधान न्यायाधीश चोलेन्द्रशमशेर जबराबाट भएको थियो । यो संग्रहालय सर्वोच्च अदालतको एनेक्स भवनको पहिलो तल्लामा रहेको छ ।

संग्रहालयमा रहेको न्यायिक संग्रहालयसम्बन्धी संक्षिप्त जानकारी अनुसार न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनामा न्यायिक सङ्ग्रहालयको स्थापना र सञ्चालन गर्ने विषय समावेश भएको थियो । सर्वोच्च अदालतबाट सरोकारवाला निकाय समेतको सहभागितामा त्यससम्बन्धी अध्ययन कार्य भएको थियो । सर्वोच्च अदालतको मिति २०७५ जेठ २ को पूर्ण बैठकको निर्णयबाट संग्रहालय स्थापना सञ्चालनका लागि गर्नुपर्ने आवश्यक कार्यको सम्बन्धमा सुझावसहितको प्रतिवेदन पेस गर्न सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधान मल्लको संयोजकत्वमा पाँच सदस्यीय न्यायिक संग्रहालय समिति गठन भएको थियो । न्यायपालिकाको चौथौ पञ्चवर्षीय रणनीतिक योजना र सर्वोच्च अदालतको कार्य योजनामा समेत न्यायिक संग्रहालयको स्थापना र विकासको विषयलाई प्राथमिकताका साथ समावेश गरिएको थियो । न्यायिक संग्रहालयको स्थापना र सञ्चालनका लागि गर्नुपर्ने तयारी सम्बन्धमा गठित समितिबाट सो सम्बन्धमा भएका विभिन्न कामको परिणाम सवरूप न्यायिक संग्रहालयको प्रदर्शनी कक्ष तयार गरिएको हो ।

**न्यायिक संग्रहालयको उद्देश्य**

१. ऐतिहासिक रूपमा महत्वपूर्ण हुने न्यायिक र कानुनी इतिहास एवं विकास क्रमसँग सम्बन्धित र सामग्रीको संकलन संरक्षण अध्ययन र प्रदर्शन गर्ने ।

२. नेपालको न्यायिक इतिहास यसको विकास क्रम र ऐतिहासिक महत्वका घटनाको संक्षिप्त जानकारी प्राप्त गर्ने अवसरको सिर्जना गर्ने ।

३. नेपालको विगतको न्यायिक आचरण, व्यवहार एवं न्यायालयसँगै सम्बन्धित घटनाको बारेमा जानकारी प्रदान गर्ने ।

४. नेपालमा भावी पुस्ता र न्यायिक अध्ययन तथा अनुसन्धान कार्यमा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा अनुसन्धानकर्ता तथा विद्यार्थीलाई नेपालको न्यायिक इतिहासका महत्वपूर्ण घटनाक्रमहरूका बारेमा जानकारी प्रदान गर्ने ।

सर्वोच्च अदालतका अनुसार संग्रहालयमा रहेका सामग्री सर्वोच्च अदालतलगायत विभिन्न अदालत तथा राष्ट्रिय अभिलेखालयबाट प्राप्त गरिएको साथै कानुन क्षेत्रका वरिष्ठ र प्रतिष्ठित व्यक्तित्व एवं उनीहरूको परिवारबाट मूल्यवान् जानकारी र ऐतिहासिक महत्वमा वस्तु प्राप्त भएको, स्थानको उपलब्धताका आधारमा संकलित सामग्रीमध्ये नेपालको कानुनी इतिहाससम्बन्धी केही सामग्री मात्र यस कक्षमा राखिएको छ । हाल प्रदर्शनमा रहेका बाहेकका प्राप्त ऐतिहासिक सामग्री स्टोर कक्षामा रहेका छन् । विसं २०७२ देखिको अध्ययन तथा २०७५ सालदेखिको अनुसन्धान, खोज र पूर्वाधार निर्माणपश्चात् यो संग्रहालय स्थापना भएको हो ।

हाल संग्रहालयको प्रदर्शनी कक्षमा लिच्छविकालदेखि हालसम्म न्यायाधीशले सपथ गर्दा के के कुरामा के के कुराको शपथ लिनु पर्दथ्यो र हालको शपथ प्रणालीको बारेमा समेत 'न्यायाधीशको सपथ' मा उल्लेख गरिएको छ । सत्रौँ शताब्दीमा मल्लकालीन राजासमक्ष पदाधिकारीले वसन्तपुरको काल भैरव अगाडि कोटिलिङ्गेश्वर मन्दिर परिसरमा धार्मिक ग्रन्थ तथा तामा, तुलसी र पूर्ण कलस छोइ शपथ लिँदै गर्दाको चित्र छ । विसं २०७३ मा नेपालको पहिलो महिला प्रधानन्यायाधीशको रूपमा नियुक्त हुनुभएका पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीको तस्बिर छ ।


सर्वोच्च अदालतका तत्कालीन प्रधान न्यायाधीश भगवतीप्रसाद सिंहसहित अन्य न्यायाधीशको मिति २०२२।१।१३ को सामूहिक तस्बिर छ । तत्कालीन राजा महेन्द्र वीरविक्रम शाह र तत्कालीन प्रधान न्यायाधीश हरिप्रसाद प्रधानसहित सर्वोच्च अदालतका न्यायाधीशको सामूहिक तस्बिर छ । तत्कालीन राजा महेन्द्र वीरविक्रम शाहद्वारा सर्वोच्च अदालतको उद्घाटन हुँदाको तस्बिर छ । तत्कालीन प्रधानन्यायाधीश हरिप्रसाद प्रधानको इजलासको तस्बिर छ, जो विसं २००८ र विसं २०१८ गरी दुई पटक प्रधान न्यायाधीश हुने एक मात्र व्यक्तित्व हुनुहुन्छ । विसं १९९७ असार १२ गतेको सनदबाट निर्वाचनद्वारा प्रधान न्यायाधीश नियुक्त हुनु भएका बहादुरशमशेर राणाको तस्बिर छ ।

प्रदर्शनीमा न्यायिक संग्रहालयसम्बन्धी संक्षिप्त जानकारी छ । अदालतीय पोसाक बारेमा छ । प्रधान न्यायालयको फूलकोर्ट (पूर्ण बैठक) को निर्णय पञ्जिका छ । सर्वोच्च अदालतको गठनपश्चात् रजिस्ट्रारबाट भएको पहिलो आदेश रहेको विसं २०१४ को रजिस्ट्रारको अर्डर बुक छ । विसं १९९४ असार १० गते जलेश्वर अमिनीबाट फैसला भएको डाँका मुद्दाको मिसिल छ । १९७३ भाद्र ११ गते जलेश्वर अमिनीबाट फैसला भएको धान चोरीसम्बन्धी मिसिल पनि राखिएको छ । १९६८ सालमा श्रीमती हराएको हुँदा 'स्वास्नी पत्ता लगाइ पाउँ' भन्ने मुद्दामा चिसापानी अदालतबाट भएको फैसलाको मिसिल छ ।

बिपी कोइरालाविरुद्ध तत्कालीन प्रधानमन्त्रीको कार्यालय भएको रिट निवेदनको २०१३ सालको फैसला छ । विसं १९८४ मा प्रकाशित १९४५ मा जारी भएको पाँच भागको मुलुकी ऐनको पाँचौँ भागसम्मको संकलन रहेको प्रति छ । पाँच भागको मुलुकी ऐनको १९९१ सम्मको संशोधन समावेश भएका १९९१ सालमा छापिएको मुलुकी ऐनको प्रति, मुलुकी ऐन २०२०, मुलुकी देवानी संहिता प्रकाशित भएको राजपत्र । मुलुकी फौजदारी संहिता प्रकाशित भएको राजपत्र । संवत् ४३५ को लिच्छविकालीन राजा वसन्तदेवको पालाको शिलापत्र अभिलेखको अनुकृति, लिखतसँग सम्बन्धित सामग्री- भोजपत्र, ताडपत्र, ताम्रपत्र, बाँसको कलम, अदालतमा प्रयोग हुने नेपाली कागज पनि त्यहाँ राखिएको छ । राजा राजेन्द्रवीर विक्रम शाहद्वारा विसं १९०० कात्तिक १४ गते जारी भएको लालमोहरको नक्कल, इस्तिहारसम्बन्धी जानकारी आदि ।

सर्वोच्च अदालतको हालको संग्रहालय प्रदर्शनी कक्ष ६०० वर्ग फिट रहेको छ । सानो ठाउँ भएकाले कतिपय महत्वपूर्ण सामग्री स्टोरमा राखिएको छ । सर्वोच्च अदालतको नयाँ भवन निर्माण भएपश्चात् सर्वोच्च अदालत हालको ठाउँबाट सरेपछि भने निश्चय नै ठाउँको अभाव हुने छैन । त्यसपछि निश्चय नै प्रदर्शनी कक्षको विस्तार हुने आशा गरिएको छ । प्रदर्शनी कक्ष विस्तार भएपछि यो संग्रहालय अझै भव्य हुने छ । राष्ट्रिय एवं अन्तर्राष्ट्रिय अनुसन्धानकर्ता, कानुनी विज्ञ, विभिन्न देशीय, विदेशीय कानुनसँगै सम्बन्धित विद्यालय, महाविद्यालयका विद्यार्थीसमेतको यो ठाउँ आकर्षणको थलो हुने नै छ । भविष्यमा राष्ट्रिय अर्थतन्त्रमा समेत यसले सहयोगी भूमिका निर्वाह गर्ने आशा गर्न सकिन्छ । यस प्रदर्शनी कक्षलाई अझै व्यापक रूपमा विस्तारित गर्न सकिएमा यसले प्रचुर मात्रामा कानुनी ज्ञानको अनुभव वृद्धि गर्ने र यसलाई प्रविधिमैत्री बनाउँदै अझ रोचक बनाउन पनि सकिने छ ।

# “दिव्य दृष्टि” भित्रको नेपाली समाज




• द्रोण अधिकारी गुहेली

लागूऔषध दुर्व्यसन नियन्त्रणका लागि लामो समयदेखि क्रियाशील झापा भद्रपुरका इन्द्रप्रसाद ओलीले पाँचौं कृतिका रूपमा भर्खरै प्रकाशन गरेको लागूपदार्थ दुर्व्यसन न्यूनीकरणसम्बन्धी चेतनामुलक पुस्तक दिव्य दृष्टिले वर्तमान नेपाली समाजमा जटिल बन्दै जानुमा लागूऔषधलाई प्रमुख समस्याको रूपमा चित्रण गर्ने प्रयास गरेको छ। पुस्तकले समाज र राष्ट्र बिगार्ने दुर्व्यसनी खेलको संरक्षक को हो त ? भन्ने प्रश्नको उत्तर समेत खोज्ने प्रयास गरेको छ। पैसामुखी सामाजिक वातावरणको बढोत्तरी भइरहेको वर्तमानमा थोरै लगानीबाट धेरै कमाउने बाटो राजनीति र सामाजिक संरचनाले खोजी गर्ने क्रममा लागूपदार्थको अबैध कारोवार फस्टाएको संकेत पुस्तकका अंशहरूले प्रष्ट पार्ने प्रयास गरेको देखिन्छ।

चेतना नेपालका अध्यक्ष तथा प्रमुख प्रशिक्षक, राष्ट्रिय हिन्दु एकता मञ्चका अध्यक्षसमेत रहेका ओलीले पाँचौ कृतिसम्म आइपुग्दा नेपाली समाज र राजनीतिको विकृतबारे राम्रै जानकारी राखेर विषयवस्तु पस्कने प्रयास गरेको देखिन्छ। राजनीतिले सही गति लिन नसक्दा फिरङ्गीहरूले घुमफिरका नाममा लागूऔषधको दुर्व्यसनको व्यापार गरेर अरबौं रूपैयाँ नेपालबाट विदेश लगिरहेको पुस्तक पढ्दै जाँदा प्रष्ट हुन्छ। विदेशीहरू पर्यटक बनेर नेपाल प्रवेश गर्दैगर्दा सरकारी संरचनाले अबैध काम वा गतिविधि गर्यो कि गरेन भनेर चासो नलिँदा नेपाली समाजमा दुर्व्यसन छोडेर आउँदा भएको खर्चको दुई गुना पैसा कमाएर जाने गरेको अवस्था छ। यही अवस्था नै आजका पुस्ताको भोलिमाथिको खेलवाड तथा असल नागरिकविहीन राज्य बन्ने आधार रहेको पुस्तकको मुख्य विषय हो।

आज विनासतिरको गन्तव्य तय गरिरहेको युवापिँढीलाई त्यस्तो आचरणबाट हुने यो आत्मघाती डढेलोमा होमिनबाट जोगाउन सकिएन भने भोलिको नेपाल ‘ जिउँदा लासहरूको देश’ बन्न सक्ने संकेत पुस्तकमार्फत लेखकले देखाउने प्रयास गरेका छन्। उनले यस पुस्तकमार्फत अनेक प्रमाणहरू र उद्धरणहरूका साथ कुलतबिरूद्ध चेतना प्रवाह गर्न चाहेका छन्। लागूपदार्थको जीवनघाती कुलतमा फसेका छोराछोरीका अभिभावकहरूका पीडा र मानसिक यातना समेटेर कुलतमुक्त छोराछोरीका अभिभावकहरू पनि त्रसित भएको अवस्था चित्रण गरेका ओलीले यस पुस्तकको मुख्य सन्देश बनाएर कुलतमुक्त वातावरणको कामना समेत गरेका छन्।

कृतिभित्र कहिलेदेखि र कहाँबाट नेपाली समाजमा लागूऔषधको प्रकोप प्रवेश गर्यो भनेर खोज्ने प्रयास गरिएको छ। नेपालमा लागूऔषध ल्याउने र नेपाली युवा युवतीहरूलाई दुर्व्यसनी बनाउने काम हिप्पी-जिप्सीहरूबाट स्थापित भएको मानिन्छ। विदेशी पर्यटक सहज आवतजावतको वातावरण बनेपछि यो विनासकारी कुलतले खासगरी देशको भविष्यका कर्णधार युवापिँढीलाई नष्ट भ्रष्ट तुल्याउने अवस्था बढ्दो छ। सही समयमा लागूऔषध दुर्व्यसनका बारेमा सही जानकारी नभएको कारण धेरै युवा युवतीहरू लागूऔषध दुर्व्यसनको लतमा फसेका छन्। ड्रग्स माफियाहरू आफ्नो सञ्जाल फिजाउनका लागि गाउँसमाज हुँदै विद्यालय तहसम्म डुलन्ते विक्रेता खटाएर अरबौंको व्यापार गरिरहेका छन्। खासगरी १५ देखि १९ वर्ष उमेर समूहका किशोर–किशोरीलाई लागूपदार्थको दुर्व्यसनमा फसाउन सफल भएका माफियाहरूले आफ्नो कालो व्यापार फस्टाउन सफल भइरहेको चिरफार गर्ने प्रयास लेखकको छ। दुर्व्यसन रोकथाम गर्ने आवश्यकता दुर्व्यसनी भएका पीडित घरपरिवारले गरिरहेको भएपनि समाज र राष्ट्रको नेतृत्व गर्ने अगुवाहरूको प्राथमिकतामा नपरेका कारण लागूऔषध कारोवार तीव्र गतिमा बृद्धि भइरहेको पुस्तकले संकेत गरेको छ।

लागूऔषध प्रयोगका कारण विनासतिरको गन्तव्य तय गरिरहेको युवापिँढीलाई यो विनासकारी सङ्क्रमणरूपी डढेलोमा होमिनबाट जोगाउन सकिएन भने भोलिको नेपाल ‘जिउँदा लासहरूको देश’ नबन्ला भन्न सकिने अवस्थामाथि चिन्ता गरिएको छ। लागूपदार्थको जीवनघाती कुलतमा फसेका छोराछोरीका अभिभावकहरूका पीडा र मानसिक यातनाका भारीहरू देखेर कुलतमुक्त छोराछोरीका अभिभावकहरू पनि त्यस्तै हुने हो कि भनेर समाज संत्रस्त छ। रक्सीबाट सुरू हुने लागूपदार्थको दुर्व्यसन चरेस तथा हिरोइनमा गएर जीवनकै अन्त्य हुन्छ। विनासकारी आचरण बनाएर जीवनलीला समाप्त पार्ने युवायुवतीको संख्या दिनदिनै बढ्दै जानु देशका लागि भविष्य अन्धकार हुनु हो। दुर्व्यसनका कारण आर्थिक, सामाजिक र पारिवारिक विचलन समेत भोग्नु पर्छ। एउटा व्यक्तिको गलत आचरणले सयौं व्यक्तिमा नकारात्मक प्रभाव व्यहोर्नु पर्ने हुन सक्छ। यी तथ्य खोज्ने काम पुस्तकले प्रयास गरेको छ।

पुस्तकमा लागूपदार्थका कारण सुदूर पूर्वको झापा पछिल्लो दशकयता निकै आक्रान्त भएको देखाउन खोजिएको छ। भारतसित खुल्ला सिमाना जोडिएको झापा लागूपदार्थ ओसारपसार गर्ने सहज मार्ग बनाएर कारोवार गर्नेदेखि प्रयोग गर्ने दुर्व्यसनीसम्मको संख्या उच्च भएको जिल्लामा पर्दछ। छिमेकी भारतीय बजारमा नेपाली युवायुवतीले सहजै खरिद गर्न पाउने लागूऔषध नेपालतिर प्रतिबन्धित भएपनि उतै खाएर फर्कने युवायुवतीको संख्या झापामा बढिरहेको पनि पुस्तकमार्फत संकेत गरिएको छ। यस्तो अवस्था भारतसित खुल्ला सिमाना जोडिएका नेपालभरिका सबै जिल्ला तथा स्थानमा रहेको प्रष्टोक्ति पुस्तकले दिने प्रयास गरेको छ। खासगरी पर्यटकीय क्षेत्रबाट प्रवेश गरेको लागूऔषध दुर्व्यसन वर्तमानमा नेपालभरि फैलनुमा राजनीति कुनै न कुनै रूपले दोषी भएको पढ्नेक्रममा प्रष्ट हुन्छ।

यसअघि ओलीले लागूऔषधसम्बन्धी नै विभिन्न पुस्तकहरू प्रकाशित गरेका थिए। ती पुस्तकले समेट्न नसकेका नयाँ नयाँ तथ्य यस पुस्तकले समेट्ने प्रयास गरेको देखिन्छ। नेपाल प्रहरीमा लामो समय सेवारत रही लागूऔषध दुर्व्यसन नियन्त्रणको क्षेत्रमा निरन्तर क्रियाशील छन्। प्रहरी नायव निरीक्षक पदबाट उनले २०६२ सालमा स्वेच्छिक अवकास पाएपछि स्थलगत अध्ययन र अनुसन्धानमा लागेर नागरिकमा चेतना विस्तार गर्न पुस्तकमार्फत प्रयासरत देखिन्छन्। निरन्तर झापामा रहेर लागूऔषध दुर्व्यसनबिरूद्ध विभिन्न चेतनामुलक कार्यक्रम गरिरहेका ओली धार्मिक जागरण अभियानमा समेत क्रियाशील छन्। उनको पछिल्लो पुस्तकले बालबालिका र युवा पुस्ता बचाउने र भविष्य सुन्दर बनाउने हो भने लागूपदार्थको कारोवार बन्द गर्न राज्य जिम्मेवार हुनै पर्ने आवाज उठाएको छ।

# सातपाखे रिसोर्टमा गुञ्जिए कालजयी गीत



• लक्ष्मी उप्रेती

धुलावारी । साँझ पर्दै थियो । झापाको मेचीनगर–९ स्थित सातपाखे रिसोर्टका विभिन्न पाखामा बनेका साना र सुन्दर रंगीविरंगी कटेराहरुमा विस्तारै न्यानो लुगामा ठाँटिएर आउनेको भीड बढ्न थाल्यो ।

युवा पुस्ताभन्दा पाका उमेरका अनुहार कटेराभित्र प्रवेश गर्न आतुर देखिन्थे । अघिपछि विभिन्न प्रकारका अर्ग्यानिक खानेकुरादेखि विभिन्न ब्राण्डका भोड्का, रम, ह्वीस्की ,वियर र पियर कोदोको स्थानीय ब्राण्डको पेय पदार्थमा खुशी हुने ग्राहकले भरिभराउ देखिने सातपाखे रिसोर्ट बुधबार भने फरक र शान्त थियो ।

नेपाली सांगीतिक क्षेत्रका चर्चित र मुर्धन्य संगीतकार र गीतकारदेखि पछिल्लो पुस्तामा आफूलाई सांगीतिक क्षेत्रमा उभ्याउन सफल राष्ट्रिय कलाकार उत्तमजंग लिम्बू र कमल रसाइलीको प्रस्तुती हेर्न मात्र होइन, स्थानीय कलाकारहरुको बेजोड प्रस्तुतीले पनि मेचीनगरवासीलाई सातपाखे रिसोर्टमा तानेको थियो ।

सातपाखे सांगीतिक समूह मेचीनगरले रिसोर्ट परिसरमा आयोजना गरेको बौद्धिक श्रम तथा सांगीतिक काव्य अभियानको पहिलो अध्याय २०८१ मा विशिष्ठ गीतकार शिवशंकर थापा, वरिष्ठ संगीतकार भरत लामादेखि अहिलेका नयाँ पुस्ताहरुको जमघटले पनि सातपाखे रिसोर्ट संगीतमय बनेको थियो । अनि सहभागी त्यही संगीतमा रमेका थिए ।‘ कला, जीवन बोध गराउने र समाजलाई उभ्याउने मानक मूल खाँबो हो ’ काव्य अभियानको पहिलो अध्याय २०८१ को मुलमन्त्र थियो । सायदः त्यही भएर पनि होला हल बेलैमा खचाखच थियो ।

कार्यक्रममा पुराना र निकै चर्चा बटुलिसकेका सर्जक र श्रष्टाका कालजयी गीतहरु गुञ्जिए । जसले सहभागीबाट भरपूर आनन्द लिए । साँझ संगसंगै क्रमशः कात्तिकको चिसोको मौसम बढ्दै गएपनि रिसोर्टका कटेराहरुमा सहभागी कवि कलाकार, सायर,जनप्रतिनिधि सुरक्षा निकायका अधिकारी र संगीतप्रेमी दर्शकहरुलाई भने विभिन्न गीत संगीत,गजल,मुक्तक अनि कविताले न्यानो बनाउँदै लगेको अनुमान सोझै गर्न सकिन्थ्यो ।

कालजयी गीतको प्रस्तुती हेर्ने मेचीनगरबाट मात्र होइन, बुद्धशान्ति गाउँपालिका, अर्जुनधारा, कन्काई नगरपालिकालगायत झापाका विभिन्न ठाउँबाट मात्र नभएर छिमेकी जिल्ला इलामको रोङ गाउँपालिका र सूर्योदय नगरपालिकाबाट समेत मानिसहरु आएका थिए । न भाषण, न आसन ग्रहण । फरक शैलीमा संगीतका पारखी मञ्जिल देवान मानवले सञ्चालन गरेको कार्यक्रम सोझै गीत र संगीतमा प्रवेश मात्र गरेन, सार्थक एवम् कालजयी सांगीतिक प्रस्तुती, कविता, गजल वाचन, गीतीभावमाथि प्रत्यक्ष चित्र सिर्जनासमेत प्रस्तुत भए । महाकवि लक्ष्मीप्रसाद देवकोटाको रचना, गोपाल योञ्जनको संगीत र स्वर सम्राट स्वर्गीय नारायण गोपालको स्वरमा रहेको

‘सागरभरि छाती चिरी पहाडबाट आएँ
तीन तारे सारंगी लिई छिनभर गीत गाएँ
राजै छिनभर गीत गाएँ
लहरासँग मितेरी लाई मैले छन्द पाएँ
कानबाट ह्रदयमा आज गुण लाएँ
राजै आज गुण लाएँ
सागरभरि छाती चिरी’

बोलको गीतबाट वरिष्ठ संगीतकार भरत लामाले सांगीतिक काव्य अभियानको पहिलो अध्याय २०८१ को श्रीगणेश गरे । कालजयी गीत सुन्न टाढा टाढादेखि जम्मा भएका दर्शक स्रोतालाई उनको यो प्रस्तुतीले स्तब्ध बनायो । प्रस्तुतीकै क्रममा यस्ता गीतहरु पछिल्लो समय हराउँदै गएकोमा चिन्ता व्यक्त गर्दै

‘बल्ल बुझे चाल तेरो रहिछ तिरताले,
तलाई सपिङ् गरदिएको पैसा फिर्ताले
तलाई सम्पतिको स नभाको भिखारीले पाओस्
मलाई जुत्ती हान्नेको खुट्टी तेरा मर्किएरै जाओस्,
मलाई पिठ्यू देखाई हिड्ने तरा ढाड सर्कि जाओस्
‘बल्ल बुझे चाल तेरो रहिछ तिरताले,
तेरो पैसा फिर्ता लैजा मेरो बैंश फिर्ताले’

गीतप्रति तीखो व्यंग्य प्रहार गर्दै यस्ता गीतले दिने सन्देश के भनेर प्रश्न गरे । त्यसपछि सहभागी सबैले गडगडाहट तालीले स्वागत गरे । उनले आफ्नै शब्द र संगीतको ‘घरिघरि माया ढुङ्गै पो हो कि भन्छु’ बोलको गीतसमेत पस्किए ।

उनको यो प्रस्तुतीलगत्तै स्टेज उक्लिए गायक सञ्जिव बराइली । वरिष्ठ संगीतकार भरत लामाको संगीत, रमेश क्षितिजको शब्द र राजेशपायल राईले गाएको

‘न माग मसँग सहारा नमाग
भुइँमा छु आकाशको जुनतारा नमाग
’

बोलको गीत सञ्जिवले जस्ताको जस्तै गाउँदा दर्शकदिर्घाबाट टाउको हल्लाउदैं गीतमा समर्थन भयो । आफैले संगीतबद्ध गरेको गीत नया पुस्ताका कलाकारले दुरुस्तै स्वर निकाल्दा हारमोनियममा बस्ने संगीतकार लामा निकै खुशी देखिएको अनुमान गर्न सकिन्थ्यो । वरिष्ठ संगीतकार शिवशंकरले केही गीतका अंश प्रस्तुत गरिरहँदा र गीत संगीत र साहित्यको व्याख्या गर्दा सबै दर्शक मन्त्रमुग्ध थिए । भरत लामाकै ‘सुस्तरी दुख्यो भुलेको माया’बोलको गीतमा राष्ट्रिय कलाकार उत्तमजंग लिम्बूले स्वर दिए ।किशोर श्रेष्ठको संगीत सुनिल पराजुलीको शब्दमा रहेको ‘आकाशैमा चिल उड्यो’ बोलको गीत सातपाखे ब्याण्डका कलाकार राजेश पराजुलीले प्रस्तुत गरिरहँदा ‘वान्स मोर वान्स मोर’को आवाज नै गुञ्जियो । ‘चौतारीमा बस्न पाउँ,’ ‘गीताङ्ग दाई पहाडे गीत,’ ‘पोखिएर घामको झुल्का, ’वरिष्ठ गीतकार शिवशंकर थापाको ‘मेरो आँखामा हर दिन, ’ ‘मायालुले सम्झे कि कसो’लगायतका पुराना र चर्चित गीतहरु गुञ्जिए । ती गीतमा राष्ट्रिय कलाकार कमल रसाइली, एलिना राई,दिक्षा रसाइलीलगायतले स्वर दिएका थिए ।

मिलनकुमार ढुङ्गानाको गजल, परशुराम तिम्सिना र जय आचार्यको कविताले प्रस्तुतीले समेत कार्यक्रमको रौनक थपेको थियो । सांगीतिक प्रस्तुतीसँगै देही आर्टका कलाकार हरुले लक्ष्मीप्रसाद देवकोटाको लेखन, गोपाल योञ्जनको संगीत संयोजन र स्वर सम्राट नारायण गोपालको गायकीलाई चित्रमार्फत कलाकार क्षितेन शेर्पाले उतारेका थिए । सोहि अवसरमा सांगीतिक आकाशका अद्भूत प्रतिभा भन्दैं वरिष्ठ संगीतकार तथा गीतकार थापा र लामाप्रति सम्मान व्यक्त गर्दै नेपाली गीत संगीतको क्षेत्रमा पुर्‍याएको अतुलनीय कार्यको उच्च मूल्याङ्कन गर्दै दुवैजनालाई सम्मान गरिएको थियो । मेचीनगर नगरपालिकाका उपप्रमुख मीना पोखरेल उप्रेतीले दुवैजनालाई अविर टीका माला पहिर्‍याएर सम्मानपत्र प्रदान गरिन् ।यस्ता कार्यक्रमले कला, साहित्य र संगीतमा पुराना र नयाँ श्रष्टा र सर्जकहरुबीच एक अर्कालाई जोड्ने उपप्रमुख उप्रेतीको प्रतिक्रिया छ । कार्यक्रम सहआयोजकमा देही आर्ट र मेचीनगर नगरपालिका रहेको तथा ल्होत्से अंग्रेजी विद्यालय छहारी रेस्ट्रो र माँ पाथीभरा स्विट्सले सहयोग गरेका थिए ।

# खप्तडी बुढाथोकीको प्रदेश स्तरीय साधारण सभा

झापा(प्रस) । खप्तडी बुढाथोकी क्षेत्री सेवा समाज कोशी प्रदेश कार्यसमितिको चौथो वार्षिक साधारण सभा शुक्रबार झापाको बिर्तामोडमा सम्पन्न भएको छ ।

कोशी प्रदेश कार्यसमितिका अध्यक्ष रामकुमार बुढाथोकीको अध्यक्षतामा बुढाथोकी सामुदायिक भवन बिर्तामोड- ९ नडियावारीमा सम्पन्न वार्षिक साधारण सभामा अध्यक्ष रामकुमारले सांगठानिक र कोषाध्यक्ष रमेशले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

खप्तडी बुढाथोकी क्षेत्री सेवा समाजका केन्द्रीय अध्यक्ष गणेशबहादुर बुढाथोकीको प्रमुख आतिथ्यमा सम्पन्न साधारण सभामा प्रदेश अध्यक्ष रामकुमारले प्रतिवेदन प्रस्तुत गर्दै कोशीका १२ वटा जिल्लामा समाजको जिल्ला कार्यसमिति बनेको जानकारी गराए ।

ओखलढुंगा र सोलुखुम्बुका बन्धुहरुसँग सन्तोषजनक समन्वय गर्न नसकेकोले जिल्ला कार्यसमिति नबनेको उल्लेख गर्दै तराईका झापा र मोरङमा निर्वाचन क्षेत्र स्तरीय समितिसमेत क्रियाशील रहेको उनले प्रतिवेदनमार्फत जानकारी गराए ।



खप्तड क्षेत्रबाट बसाइँ सर्दै पूर्वी नेपालका पहाड र तराईमा बाक्लो बसोबास रहेका खप्तडी बुढाथोकी क्षेत्री परिवारले विभिन्न स्थानमा कुल मन्दिरहरु निर्माण गरिसकेको र अझै पनि थपिँदै जानेक्रममा रहेको अध्यक्षले उल्लेख गरेका छन् । प्रतिवेदनमा झापा जिल्लाको खप्तडी बुढाथोकी क्षेत्री समाजको कार्यसमितिलाई कोशी प्रदेशकै उत्कृष्ट र अब्बल भएको जनाइएको छ ।

सो साधारण सभामा प्रदेश कार्यसमितिका कोषाध्यक्ष रमेश बुढाथोकीले आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै आर्थिक वर्ष २०८०/०८१को यथार्थ वित्तीय कारोबार विवरण तथा आर्थिक वर्ष २०८१/०८२ को लागि वार्षिक अनुमानित बजेट प्रस्तुत गरेका थिए ।

आर्थिक वर्ष २०८०/०८१ मा कोशी प्रदेश कार्यसमितिले २ लाख ५८ हजार ४७४ रुपैयाँ प्राप्त गरी ४२ हजार ४२५ मात्र खर्च गरेर २ लाख १६ हजार ४९ रुपैयाँ बैंकमा मौज्दात राखेको प्रतिवेदनमा जनाइएको छ ।

समाजको आर्थिक कारोबारलाई मितव्ययी एवम् पारदर्शी बनाउने उद्घोष गरेका कोषाध्यक्ष रमेशले आर्थिक वर्ष २०८१/०८२ मा समाजको सदस्यता वृद्धिमा जोड दिएर आर्थिक अभिवृद्धि गर्नुपर्ने उल्लेख गरेका छन् ।

समाजका सहसचिव भुपालमान बुढाथोकीले सञ्चालन गरेको साधारण सभाको उद्घाटनसँगै खप्तडी बुढाथोकी क्षेत्री बन्धु गीत प्रस्तुत गरिएको थियो ।

सो समारोहमा आमन्त्रित अतिथि एवम् सहभागीहरुलाई शाब्दिक स्वागत गर्दै कोशी प्रदेश कार्यसमितिका उपाध्यक्ष रामजी बुढाथोकीले आफूहरु सधैं पछि परेको जिकिर गर्दै हरेक कुरामा अगाडि बढ्नु पर्ने आवश्यकता औंल्याएका थिए ।

आफ्नो कुलवंशको रक्षा गर्दै समुदायको अभिवृद्धि गर्ने, कुल किन मान्ने, कुल र पितृ मान्न अनिवार्य छ कि छैन जस्ता विषय बुझ्न पनि खप्तडी बुढाथोकी क्षेत्री समाजमा आवद्ध हुनुपर्ने उपाध्यक्ष बुढाथोकीले आवश्यकता दर्शाएका थिए ।


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** — आज अड्किको र ताकेको कार्य पुरा होला। प्रेमसम्बन्धका लागि श्रेष्ठ समय रहेको छ।

**वृष** — रोजगारको अवसर मिल्नेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ।

**मिथुन** — छोटो दुरीको लाभदायक यात्रा रहला। वैदेशिक कार्य अघि बढ्नेछ।

**कर्कट** — आज नसोचेको ठाउँबाट धन हात पर्नेछ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** — प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ। यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** — महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ।

**तुला** — आजको दिन उत्साहपूर्ण रहनेछ। विद्या र बुद्धिको विकास हुनेछ।

**वृश्चिक** — आज भाग्योदय हुनेछ। धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** — आज यात्रामा मालसामान हराउन सक्छ। सौन्दर्यतामा धन खर्च पनि हुनेछ।

**मकर** — मित्र वा आफन्तको सहयोग मिल्नेछ। बौद्धिकताको विकास हुनेछ।

**कुम्भ** — आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। व्यवसायबाट लाभ मिल्नेछ।

**मिन** — बन्धु बान्धवबाट सहयोग मिल्नेछ। पारिवारिक सद्भाव बढ्नेछ।